# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १० ] काठमाडौं चैत्र १७ गते२०१७ साल [ अतिरिक्ताङ्क २८

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय प्रवन्ध मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको निजामती सेवा नियमावली (संशोधन) नियमहरू, २०१७ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ ।

निजामती सेवा नियमावली, २०१३ (यसपछि नियमावली भनिएको) मा संशोधन गर्नु आवश्यक देखिएकोले, निजामती सेवा ऐन, २०१३ को दफा ४ र दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः-(१) यी नियमहरूको नाम निजामती सेवा नियमाबली (संशोधन) नियमहरू, २०१७ रहेकोछ ।

(२) यी नियमहरू २०१७ साल फाल्गुन ३ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. नियमावलीको परिच्छेद २ को नियम ३ मा संशोधनः नियमावलीको परिच्छेद २ को नियम ३ को प्रतिबन्धात्मक वाक्यांशको सट्टा निम्नलिखित प्रतिबन्धात्मक वाक्यांश राखिएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर–

(१) २०१७ साल फाल्गुन ३ गतेदेखि २०२७ साल माघ मसान्तसम्मको लागि प्राविधिक सेवा वा पदमा नियुक्ति गरिनेमा खण्ड (क) मा लेखिएको २१ वर्षको हद र खण्ड (ख) मा लेखिएको ३५ वर्षको हद लाग्ने छैन।

(२) श्री ५ को सरकारले आवश्यक देखेमा खण्ड (घ) मा लेखिएको अयोग्यतालाई कुनै व्यक्तिको सम्बन्धमा आदेशद्वारा हटाउन सक्नेछ।

आज्ञाले–

( उदयप्रसाद )

श्री ५ को सरकारका का. मु. सचिव

कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

मुद्रण विभाग, सिंहदरबार

गोरखापत्र छापानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८२६